जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

*कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।*

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५०३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः २९२ पृष्ठः ४ | २०८२ चैत्र ०२ सोमबार (Monday 16 March 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## दलित अगुवा ललिता दास तत्मालाई समाजसेवा पुरस्कार

सिरहा, १ चैत्र। यस वर्षको कर्मयोगी बद्री पहाडी समाजसेवा पुरस्कार ललिता दास तत्मा ‘विद्रोही’लाई अर्पण गरिने भएको छ। मानवअधिकार तथा शान्ति समाजद्वारा स्थापित सो पुरस्कारको राशि रु एक लाख १० हजार रहेको छ। मधेसको दलित समुदायबाट सामाजिक न्यायको आन्दोलनमा सशक्त भूमिका निर्वाह गर्नुका साथै दलित, महिला र सीमान्तकृत समुदायको अधिकारका लागि योगदान हेतु ललिता दासलाई पुरस्कृत गर्ने निर्णय शान्ति समाजको पुरस्कार छनोट समितिको बैठकले गरेको सभापति रेनुका पौडेलले जनकारी दिनुभयो।



विसं २०४२ साउन १४ गते सिरहा जिल्लाको सन्हैठा गाउँमा जन्मनुभएकी हाल लहान निवासी ललिता दास मधेस प्रदेशको प्रदेशसभा सदस्य तथा प्रदेशसभामा महिला बालबालिका तथा सामाजिक न्याय समितिको सदस्य हुनुका साथै जनता समाजवादी पार्टी नेपालको केन्द्रीय सदस्य हुनुहुन्छ।

जातीय तथा सामाजिक विभेद र उठिवासका घटनाविरुद्ध सडकदेखि सदनसम्म आवाज उठाउँदै विद्रोहीको पहिचान बनाउनुभएकी ललिता दास मधेसमा भएका विभिन्न आन्दोलनका क्रममा पटकपटक पक्राउ पर्नुका साथै सामाजिक आन्दोलनमा समेत सक्रिय हुनुहुन्छ। आमाको निधन हुँदा छोरीले शव बोक्न नहुनेलगायतका मान्यता भत्काउँदै २०८० सालमा आफ्नो आमाको निधन हुँदा माइती गाउँबाट कमला नदीसम्म शव बोकेर जानुका साथै १३ दिनसम्म कपाल खौरिएर काजकिरियामा बस्नुभएको थियो। विगतमा रेडियो पत्रकारका रूपमा समेत क्रियाशील ललिता दासका दर्जनौँ लेख रचना प्रकाशित छन्।

## हात्तीको आक्रमणबाट घाइते वृद्धाको मृत्यु

**सुधा देव**

सप्तरी, १ चैत्र। हात्तीको आक्रमणबाट गम्भीर घाइते हुनुभएका सप्तरीको कञ्चनरुप नगरपालिका १२ धरमपुरकी एक बृद्धाको मृत्यु भएको छ। मृत्यु हुनेमा स्थानीय ६९ वर्षीय खड्गमति राई रहनुभएको छ। गत फागुन २० गते हात्तीको आक्रमणमा परि गम्भीर घाइते हुनुभएको राईको विराटनगरस्थित न्यूरो अस्पतालमा उपचारको क्रममा आइतबार उहाँ मृत्यु भएको मृतकका छोरा चन्द्र कुमार राईले जानकारी दिनुभयो।

उहाँले भन्नुभयो, “खुट्टा तथा हिपमा गम्भीर चोट लागेको आमाको उपचारको क्रममा मृत्यु भएपछि शव पोष्टमार्टमका लागि विराटनगर स्थित कोशी अस्पताल लगिएको थियो। बाख्रा गोठालो जानुभएको राईलाई घर फर्कने क्रममा दिउँसो ३ बजे घर नजिक आइपुग्दा हात्तीले आक्रमण गरेर गम्भीर घाइते बनाएको थियो।“ राई घर आइपुग्न लाग्दा दर्जनौंको संख्याको बथानमा रहेको हात्ती मध्ये एकहात्ती गाउँमा पसेर उपद्रो मच्याई रहँदा उहाँ आक्रमणमा परेर घाइते हुनुभएको स्थानीयले बताउनुभयो।

यसअघि सप्तरीको अग्नीसाइर कृष्णासवरन गाउँपालिका ६ का ८१ वर्षीया कर्ण बहादुर भुजेलको पनि जंगली हात्तीको आक्रमणमा परी फागुन ९ गते विहान घरनजिकै हात्तीको आक्रमणमा परि घाइते हुनुभएको भुजेलको अझै उपचार

–बाँकी अन्तिम पेजमा

## आठ महिनाको विकास खर्च १९ प्रतिशत

काठमाडौं, १ चैत्र। चालु आर्थिक वर्षको फागुन मसान्तसम्मको विकास खर्च कमजोर देखिएको छ। महालेखा नियन्त्रक कार्यालयका अनुसार दोस्रो चौमासिक अवधिसम्ममा १९ प्रतिशत हाराहारी मात्रै पुँजीगत खर्च भएको छ। आर्थिक वर्षका लागि सङ्घीय सरकारले कुल रु १९ खर्ब ६४ अर्ब ११ करोडको बजेट ल्याएकामा फागुन मसान्तसम्ममा रु नौ खर्ब २६ अर्ब ५८ करोड ६५ लाख खर्च भएको छ। यो वार्षिक विनियोजनको ४७ दशमलव १८ प्रतिशत हो। चालु शीर्षकमा रु ११ खर्ब ८० अर्ब ९८ करोड विनियोजन भएकामा ५४

–बाँकी दुई पेजमा

## ६ वटै दलले समानुपातिकतर्फका सांसदहरुको नाम आयोगमा बुझाए

काठमाडौं, १ चैत्र। तीन प्रतिशत मतको थ्रेसहोल्ड पार गरेका ६ वटा राजनीतिक दलले समानुपातिकतर्फका सांसदहरुको नाम निर्वाचन आयोगमा बुझाएका छन्। दलहरुले यस अघि बुझाएको बन्दसूचीबाट तोकेको क्लष्टर अनुसारको प्रतिनिधित्वका आधारमा नामावली बुझाएका हुन्।

दलहरुले बुझाएको नाम क्लष्टर अनुसार मिलेको भएमा सार्वजनिक गर्ने र नमिलेमा मिलाउनका लागि समय दिने निर्वाचन आयोगका सहायक प्रवक्ता कुलबहादुर जिसीले जानकारी दिनुभयो। ६ वटा दलमध्ये १६ सिट पाएको नेकपा एमालेले आयोगमा बुझाएका समानुपातिक सांसदहरुको नाम हिजै सार्वजनिक गरिसकेको छ।

फागुन २१ गतेको प्रतिनिधि सभा चुनावबाट सबैभन्दा ठूलो दल बनेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले आजको सचिवालय बैठकबाट सामानुपातिकतर्फका सांसदको नाम टुङ्गो लगाएको हो। ४८ जना महिला र नौजना पुरुषको नाम बुझाएको र परिचय भने आयोगले नै सार्वजनिक गर्ने रास्वपाका प्रवक्ता मनिष झाले जानकारी दिनुभयो।

यस्तै समानुपातिकमा २० सिट पाएको नेपाली कांग्रेसले पनि आइतबारै नाम टुङ्गो लगाएको हो। १५ जना महिलासहित २० जनाको नाम निर्वाचन आयोगले नै सार्वजनिक गर्ने कांग्रेसका प्रवक्ता देवराज चालिसेले जानकारी दिनुभयो।

९ सिट पाएको नेपाली कम्युनिस्ट पार्टी(नेकपा)ले प्रमेश हमाल, परशुराम तामाङ, भीमकुमार बुढा, प्रेम बयक, जोगकुमार बर्बरिया यादव, पार्वती बिक, गणेश विश्वकर्मा र निराशा चौधरी डगौराको नाम पठाएको छ।

४ सिट पाएको श्रम संस्कृती पार्टीले पूर्णप्रसाद लिम्बू, अम्बिकादेवी सङ्ग्रौला, राधिका

–बाँकी तीन पेजमा



GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812

**पानीका स्रोतको संरक्षण गरौं,**
**जैविक विविधता जोगाऔं।**

- खानेपानीका स्रोतको संरक्षण गरौं,
- पानीको दुरुपयोग रोकौं र आवश्यक मात्र प्रयोग गरौं,
- धारा खुला छोड्ने बानी त्यागौं,
- उच्च पहाडी तथा हिमाली क्षेत्रमा वर्षाको पानी सङ्कलन गर्ने गरौं,
- नदी, ताल, पोखरीको संरक्षण गरौं,
- प्लास्टिकजन्य पदार्थको प्रयोग घटाऔं,
- जलाधार संरक्षणका लागि वृक्षारोपण गरौं,
- पानीजन्य रोगबाट बच्न सरसफाइमा ध्यान दिऔं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## सम्पादकीय

# निर्मला पन्त हत्या काण्डको नियति नदोहोरिओस् !

सुर्खेतकी किशोरी इनिसा विकको फागुन २३ गते बलात्कारपछि भएको हत्याको अनुसन्धानमा देखिएको अन्योलले फेरि एकपटक प्रहरी अनुसन्धानको विश्वसनीयतामाथि प्रश्न उठाएको छ। यसैबीच नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी)लाई घटनाको छानबिनमा संलग्न गराइएको समाचारले सही दिशामा अनुसन्धान अघि बढ्ने अपेक्षा पनि जगाएको छ। नेपालमा बालिका र महिलामाथि हुने जघन्य अपराधले बेलाबेला समाजलाई झस्काइरहेका छन् तर त्यस्ता घटनाको अनुसन्धानमा देखिने कमजोरी झन् चिन्ताको विषय बनेको छ।

यसअघि कञ्चनपुरकी १३ वर्षीया निर्मला पन्तको बलात्कारपछि हत्या भएको घटनाले नेपालमा अनुसन्धान प्रणालीकै विश्वसनीयतामाथि गहिरो प्रश्न खडा गरेको थियो। विसं २०७५ साउन १० गते हराएकी निर्मलाको शव भोलिपल्ट उखुबारीमा फेला परेको थियो। त्यस घटनाले देशव्यापी आक्रोश र आन्दोलन त जन्मायो तर अनुसन्धानमा गम्भीर कमजोरी देखियो। घटनास्थलमै प्रमाण नष्ट हुनेदेखि अनुसन्धानलाई दिशाहीन बनाउने त्रुटिहरूले सत्य पत्ता लगाउने प्रक्रिया नै कमजोर बनायो।

अपराध अनुसन्धान भनेको प्रमाणले देखाएको बाटो पछ्याउने प्रक्रिया हो। तर जब अनुसन्धानलाई राजनीतिक दबाब, प्रशासनिक हतारो वा सार्वजनिक आक्रोशले निर्देशित गर्न थालिन्छ, सत्य झन् टाढा पुग्ने खतरा बढ्छ। निर्मला काण्डमा देखिएको यही कमजोरीले अनुसन्धानलाई गम्भीर क्षति पुऱ्याएको थियो। त्यसको मूल्य सरकारहरूले मात्र होइन, समग्र राज्य व्यवस्थाले नै चुकाउनुपऱ्यो।

इनिसा विकको हत्यापछि देशका विभिन्न ठाउँमा विरोध प्रदर्शन भइरहेका छन्। दोषीलाई कडा कारबाही गरिनुपर्छ भन्ने माग स्वाभाविक र न्यायसंगत हो। तर न्यायको माग र अनुसन्धानमाथिको अनावश्यक दबाबबीच सन्तुलन कायम रहनु पनि उत्तिकै आवश्यक हुन्छ। अनुसन्धान प्रक्रियालाई प्रभावित पार्ने गरी राजनीतिक हस्तक्षेप, अफवाह वा अधुरा तथ्य सार्वजनिक गरिन थाले भने अन्ततः त्यसले न्यायको बाटो नै अवरुद्ध गर्न सक्छ।

सुर्खेत प्रहरीले घटनाको सूक्ष्म अनुसन्धान भइरहेको बताइरहेको छ। पोस्टमार्टम रिपोर्ट, टेलिफोन संवाद, रगत परीक्षणलगायतका विवरण आउन बाँकी रहेको जानकारी दिइएको छ। यसले अनुसन्धान अझै प्रक्रियामै रहेको संकेत गर्छ। यस्तो अवस्थामा संयम, पारदर्शिता र व्यावसायिकता अत्यन्त आवश्यक हुन्छ।

सबैभन्दा महत्त्वपूर्ण यस घटनालाई अर्को 'निर्मला काण्ड' बन्न नदिनु हो। त्यसका लागि प्रहरीले प्रमाणमा आधारित निष्पक्ष अनुसन्धान गर्नुपर्छ। राज्यले शोकाकुल आमाबाबुलाई राजनीतिक हस्तक्षेप हुन नदिने सुनिश्चितता दिनुपर्छ भने नागरिक समाजले पनि न्यायको पक्षमा उभिँदा अनुसन्धानलाई भ्रमित गर्ने हतारोबाट जोगिनुपर्छ।

# कामरेडको उडे–उडेको अनुहार



लक्ष्मण पन्त

कामरेडले पहिरिएको झकास दौरा सुरुवाल र शिरमा टपक्क परेको टोपी। पाउमा सजिएका टिलिक्कका जुत्ता। साइरनसहितका गाडी र सुरक्षाकर्मीहरुको लावालस्कर। बालुवाटार होस् वा सिंहदरबार : हरेक कोठामा खटिएका अनेकौँ किसिमका सेवादार र अनुचर। धनाढ्य व्यापारी–व्यवसायी र विदेशी पाहुनाको बिहानदेखि बेलुकीसम्म घुइँचो। भाँती–भाँतीका उद्‌घाटन र शिलान्यास। दशथरी गोष्ठी– सम्मेलन। जनता– जनार्दनबाट जय जयकार।

खादामाला र अबीर बाजा–गाजासहितको राजसी सवारी। बाबा रामदेवको पतञ्जलि टिभी उद्‌घाटनदेखि गाउँपालिका भवनका उद्‌घाटनहरूको भ्याई नभ्याई। सदासर्वदा करविन्ती मुद्रा धारण गरेका र हातमा फाइल लिएर ओहोरदोहोर गर्ने उच्च ओहोदाका हाकिमहरू। कामरेडको खुलेको मुहार र मुखबाट निस्किने संवाद कैद गर्न तँछाडमछाड गरिरहेका दर्जनौँ टेलिभिजन क्यामेराहरू। सरुवा बढुवा, नियुक्ति र ठेक्कापट्टाका फरियादीहरुको बालुवाटार र सिंहदरबारका कोठा–कोठामा जमघट। गजबको शानमान र सम्मान । खातैखात महँगा उपहार। महँगा विदेशी ब्रान्डका रक्सीको थुप्रो। अनि बिहानीदेखि राति अबेरसम्म जनता, राष्ट्र र क्रान्तिको 'सेवा' गरेर लखतरान भएपछि लाग्ने मिठो निद्रा।

झनै आकर्षक विदेश भ्रमणहरू ! राता कार्पेट। सलामी। विदेशी राजधानीका सबैभन्दा महँगा होटेलका महँगा सुइटहरुमा बसाई। मिनेट–मिनेटको कार्यक्रम तालिका। उच्चकोटिको स्वागत सत्कार। चमचमाउँदा ब्लेक लिमोजिन र मर्सिडिज। दिव्य–भव्य राजकीय भोज र चियर्सका मधुर स्वरहरू। मिटिङका मिटिङ। 'वान–अन–वान' गोप्य मन्त्रणा। ठुल्ठुला राष्ट्रिय–अन्तर्राष्ट्रिय मुद्दाहरूमा छलफल। दिनभरको व्यस्त कार्यक्रमपछिको मिठो रात्रि विश्राम !

ती पनि क्या दिनहरू थिए ! सबैलाई त्यस्तो हुँदैन, तर किन हो कुन्नि कामरेडका लागि सत्ताको त्यो आकर्षण घातक र नशालु साबित हुन पुग्यो। सत्ताबाट बिछोड हुँदा कामरेडलाई एक वर्षसम्म निकै सकस र छटपटी भयो। एक वर्षसम्म निरन्तर् खपिनसक्नुको औडाहा भयो। भाउन्न भयो । बेचैनी भयो। एक वर्षसम्मका भाषणहरूमा कामरेडको त्यो बेचैनी दुनियाँले बुझ्ने गरी प्रकट भयो। विगतमा कामरेडका साझेदार दुई सरदार पनि सत्ताबाट हुत्तिएका थिए तर उनीहरू सन्तुलित, संयमित र शालीन नै देखिएका थिए। तर कामरेडचाहिं निकै नै बेचैन देखिए। शायद उनलाई अनुमान भैसकेको थियो कि अब कहिल्यै पनि ती दिनहरू फर्किने छैनन्।

अकस्मात् एमाले–कांग्रेसले गठबन्धन सरकार बनाएपछि २०२४ जुलाई १२ मा कामरेड सडकमा पछारिन पुगेका थिए। त्यससँगै 'राप र ताप' ले भरिएको कामरेडको जीवनचर्याको लय भंग भयो। अब कामरेडको मुहारमा 'श्रृंगार रस' को कान्ति होइन 'रौद्र रस' र 'भयानक रस' को भद्दापन प्रकट हुन थाल्यो। 'रौद्र रस' मा क्रोध हुन्छ भने 'भयानक रस' मा भय र डर दुवै हुन्छन्। 'श्रृंगार रस' लाई 'रौद्र रस'ले विस्थापित गरे पछि १२ बुँदेका हिजोसम्मका लोकतन्त्रवादी काँग्रेस र एमालेहरु 'साझेदार' होइन, दलाल र बिचौलियाका 'सरदार' देखिन थाले। जुन दलहरूको भऱ्याङ चढेर २०७५ र २०७९ को चुनावमा केही सिट लिएर संसद र सरकारको यात्रा सम्भव भएको थियो तिनै दलमाथि कामरेडका मुखबाट गाली बर्सिन थाले। जोसित मिलेर कामरेडलाई तीन–तीनपटक प्रधानमन्त्री बन्ने संयोग जुरेको थियो तीनै दलहरु रातारात दलाल र प्रतिक्रियावादी बन्न पुगेका थिए।

आफूलाई समर्थन गर्दासम्म लोकतन्त्रवादी समर्थन फिर्ता लिएपछि दलाल र बिचौलिया ! संसदीय खेलमा कतै फिट नखाने कामरेडको यो विचित्रको हुङ्कार थियो। बहिर्गमनबाट पैदा भएको छटपटीका बिच 'एमाले–कांग्रेसका ठुला नेतासँग जोडिएका फाइलहरू धमाधम आफ्नो सरकारले खोल्न थालेपछि आत्तिएर सरकार गिराएको' भाष्य तयार भयो। तर, कामरेडले बडो जतनका साथ तयार पारेको त्यो स्क्रिप्टमा कुनै दम थिएन। त्यसले उनलाई नै गिज्याईरहेको थियो। प्रश्न कामरेडतिर नै तेर्सिएको थियो : यदि कांग्रेस–एमाले भ्रष्टाचारकै मतियार र बिचौलियाका सरदार थिए भने दुई दशकसम्म उनीहरू कसरी प्रिय भए ? नक्कली भुटानी शरणार्थी काण्डको वास्तविकता यो हो कि पत्रिकाले २७ अप्रिल २०२३ मा यो काण्ड उजागर गरेपछि यो विश्वव्यापी बनेको थियो। नेपालीहरुलाई नक्कली भुटानी बनाएर अमेरिका लैजाने विषय अमेरिकी प्रशासनका लागि त्यहाँको सुरक्षासँग प्रत्यक्ष जोडिएको मुद्दा भएको हुनाले यसलाई सरकार वा मातहतको कुनै पनि निकायले लिपापोती गर्न सम्भव थिएन। त्यसो भएको खण्डमा अमेरिकी शक्तिशाली गुप्तचर निकाय एफ.बि.आई. ले हस्तक्षेप गर्ने पक्का थियो। यसै सन्दर्भमा अमेरिकी प्रशासनका 'ग्लोबल एन्टी करप्शन' प्रमुख रिचर्ड नेफ्युले वर्ष २०२३ मा अगस्टको तेस्रो साता नेपालको भ्रमण गरेका थिए। त्यसैगरी ललिता निवास काण्डका अभियुक्त विरुद्ध फेब्रुअरी २०२० मा ओली सरकारको कार्यकालमै अख्तियारमा मुद्दा दर्ता भएको थियो। जसमा अनुसन्धान अन्तिम चरण अर्थात् अभियुक्तहरूको गिरफ्तारीको चरणमा पुगिसकेको थियो। यसमा पनि कसैले ढाकछोप गर्न सम्भव थिएन।

माओवादीले दाबी गरेजस्तै दलका एक–दुई थान नेता र एकाध उच्च ओहोदाका नोकरशाहहरुलाई भुटानी शरणार्थी काण्ड र ललिता निवास काण्डमामा जेल पठाएर कुनै बहादुरीको काम भएको थियो त ? बिलकुलै थिएन। विगतमा पनि अनेकौँ पटक राज्यका उच्च ओहोदामा बसेका पदाधिकारीहरू जेल बसेका अनेकौँ उदाहरण छन्। उदाहरणका लागि दरबारको शासनकालमा चालीसको दशकमा राजकुमार धीरेन्द्रका पार्श्ववर्ती भरत गुरुङ र आइ.जी.पी. डी.बी. लामा लागु औषध ओसारपसार र भ्रष्टाचारको मुद्दामा जेल परेका थिए। ती उच्च अधिकृतहरू पञ्चायतकालमा अत्यन्त शक्तिशाली थिए। त्यसैगरी नेपाली कांग्रेसका नेताहरू गोविन्दराज जोशी, जयप्रकाश प्रसाद गुप्ता र खुमबहादुर खड्काहरु पनि आफ्नै दलको सरकार हुँदा भ्रष्टाचारको अभियोगमा कैयौँ वर्ष जेलमा थिए। जयप्रकाश प्रसाद गुप्ता त कुनै समयमा गिरिजाबाबुका खास नै थिए।

केही दिन पहिले मात्र कामरेडले 'नयाँ भनिनेहरू देशी विदेशी शक्तिबाट' परिचालित भएको उद्‌गार व्यक्त गरे । ओली–देउवाले त्यसो भनेको भए शायद केही सुहाउँथ्यो पनि किनकि उनीहरू कहिल्यै पनि विदेशी भूमिमा बसेर जनयुद्ध सञ्चालन गरेका थिएनन्। जब–जब सत्ताबाट बाहिरिनु पर्छ तब–तब कामरेडले विदेशी शक्तिहरूको राप अलाप्ने गर्दछन्। हेक्का रहोस्,अस्ति भर्खरै उनी दिल्लीबाट प्रधानमन्त्री नरेन्द्र मोदीका प्रमुख सुरक्षा सल्लाहकारलाई भेटेर फर्केका हुन्। सन् २००९ मा पहिलो सरकारबाट बेइज्जतपूर्वक हट्दा पनि उनले विदेशी शक्तिको हात देखेका थिए। पहिलो माओवादी सरकारबाट बाहिरिएपछि डिसेम्बर २००९ मा राजधानीको बानेश्वरमा आयोजित सभामा विदेशी प्रभु सामु नझुक्ने वाचा गरेका थिए। उनले अब प्रष्ट हुने गरी बुझेका छन् कि अब फेरी कहिल्यै त्यो सत्तासुख आफूलाई प्राप्त हुने छैन। शायद रुकुमको च्यालीमा कमरेडको अनुहारमा पहिले देखिएको 'रौद्र रस' र त्यसपछि अनुहारमा प्रकट भएको 'करुण रस' यसकै अभिव्यक्ति थियो। रातोपाटीबाट

### आठ महिनाको...

दशमलव ३७ प्रतिशत खर्च भएको छ ।

पुँजीगत शीर्षकमा रु चार खर्ब सात अर्ब ८८ करोड ८० लाख विनियोजन भएकामा १९ दशमलव २४ प्रतिशत खर्च भएको छ भने वित्तीय व्यवस्था शीर्षकमा रु तीन खर्ब ७५ अर्ब २४ करोड २० लाख विनियोजनमा भएकामा हालसम्म ५४ दशमलव ८९ प्रतिशत अर्थात् रु दुई खर्ब पाँच अर्ब ९५ करोड २३ लाख खर्च भएको कार्यालयले जनाएको छ।

त्यस्तै, फागुन मसान्तसम्मको सरकारी राजस्व सङ्कलन वार्षिक लक्ष्यको ४९ दशमलव ८९ प्रतिशत बराबर छ। चालु आर्थिक वर्षका लागि सरकारले रु १५ खर्ब ३३ अर्ब ४४ करोड ६९ लाख राजस्व उठाउने लक्ष्य राखेकामा फागुन मसान्तसम्ममा रु सात खर्ब ६५ अर्ब १० करोड १६ लाख राजस्व उठेको हो। कर राजस्वतर्फ रु १३ खर्ब २५ अर्ब ५८ करोड ३९ लाख उठाउने लक्ष्य रहेकामा फागुन मसान्तसम्ममा वार्षिक लक्ष्यको ५१ दशमलव चार प्रतिशत असुली भएको छ। त्यस्तै, गैरकर राजस्वतर्फ रु एक खर्ब ५४ अर्ब ४१ करोड ६१ लाख उठाउने लक्ष्य राखिएकामा हालसम्म ४५ दशमलव ७८ प्रतिशत असुली भएको कार्यालयले जनाएको छ।

चालु आर्थिक वर्षका लागि सरकारले रु ५३ अर्ब ४४ करोड ६९ लाख बराबर वैदेशिक अनुदान लिने लक्ष्य राखेकामा हालसम्म वार्षिक लक्ष्यको २४ दशमलव ७८ प्रतिशत अर्थात् रु १३ अर्ब २४ करोड ५० लाख अनुदान आएको पनि महालेखा नियन्त्रक कार्यालयले जनाएको छ।

# लागुऔषधसहित विभिन्न स्थानबाट १४ जना पक्राउ

काठमाडौँ, १ चैत्र। देशका विभिन्न क्षेत्रबाट लागुऔषधसहित १४ जना पक्राउ परेका छन्। काठमाडौँ, सुनसरी, चितवन, सप्तरी, बर्दिया, कैलाली र पर्साबाट अवैध लागुऔषधसहित १४ जना पक्राउ परेका हुन्। प्रहरीको केन्द्रीय समाचार कक्षका अनुसार त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलबाट दुई, चितवनको भरतपुर महानगरपालिका–३ कमलनगरको सब्जीमण्डबाट दुई, सप्तरीको तिरहुत गाउँपालिका–२ बडहराबाट दुई, कञ्चनपुरको बेलौरी नगरपालिका–१० सडकघाट दुई तथा पर्साको वीरगज महानगरपालिका–१४ गण्डक चोकबाट दुई जना पक्राउ परेका छन्। त्यस्तै, सुनसरीको इटहरी उपमहानगरपालिका–२० तरहराबाट, बर्दियाको बढैयाताल गाउँपालिका–२ फुटहबाट, गोदावरी नगरपालिका–११ गौडीबजारबाट र कैलालीको धनगढी उपमहानगरपालिका–८ धनगढीगाउँबाट एक/एकजना पक्राउ परेका प्रहरीको केन्द्रीय समाचार कक्षले जनाएको छ। पक्राउ परेका सबैलाई प्रहरी नियन्त्रणमा लिई आवश्यक अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।


## बिमालेख हराएको सूचना

२०८२ फाल्गुन १५ गते घर देखि कर्जन्हा नगरपालिका जाने क्रममा मेरो निम्न ब्यहोरा भएको **लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड (एल.आई.सी.)**को बिमालेख हराएको हुँदा पाउनु हुने महानुभावहरुले नजिकको प्रहरी चौकी वा सम्बन्धी व्यक्तिलाई बुझाई दिन हुन अनुरोध छ।

**नाम : मनिता कार्की**

**ठेगाना : साविक गा.वि.स. बडहरामाल–९, सिरहा**

**हाल कर्जन्हा नगरपालिका–५, सिरहा**

**बिमालेख नं. ६२०००६८४१**

## प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन सम्बन्धी सार्वजनिक सुनुवाइको सूचना

मधेश प्रदेशको सिराहा जिल्ला अन्तर्गत गोलबजार नगरपालिका–०२ निवासी रामतोला यादवको नाममा रहेको निजी जमिनमा सुरक्षित तरिकाले माटो तथा ग्रावेल उत्खनन कार्यका लागि प्रारम्भिक वातावरणीय परीक्षण IEE अध्ययन प्रतिवेदनको तयारी सम्बन्धी सार्वजनिक सुनुवाइ कार्यक्रमबारे ७ दिने सुचना।

**प्रकाशित मिति : २०८२/१२/०२ गते**

मधेश प्रदेश अन्तर्गत सिराहा जिल्लाको गोलबजार नगरपालिकामा रामतोला यादवको नाममा जग्गा दर्ता कायम रहेको निजी जमिनमा सुरक्षित तरिकाले माटो तथा ग्रावेल उत्खनन कार्य सम्बन्धी प्रतिवेदन तयारी गर्न सार्वजनिक सुनुवाइ कार्यक्रममा उपस्थितिको लागि सरोकारवालाहरूलाई अनुरोध गरिन्छ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | गोलबजार नगरपालिका वडा नं. २ र ७<br>सिरहा, मधेश प्रदेश, नेपाल |
| **सार्वजनिक सुनुवाइ कार्यक्रमको तालिका** | स्थान : प्रस्तावित उत्खन्न स्थल<br>मिति : २०८२/१२/०९ गते सोमबार<br>समय : बिहान ८ बजे |
| **प्रस्तावको ब्यहोरा** | गोलबजार नगरपालिका वडा नं.०२ मा रामतोला यादवको नाममा जग्गा दर्ता कायम रहेको निजी जमिनमा सुरक्षित तरिकाले माटो तथा ग्रावेल उत्खनन कार्य। |
| **प्रभाव पर्न सक्ने जिल्ला/न.पा./गा.पा.** | मधेश प्रदेशको सिरहा जिल्लाको गोलबजार नगरपालिका वडा नं.२ र ७ का वरिपरि का क्षेत्रहरू। |

प्रारम्भिक वातावरणीय परीक्षण (IEE) अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कतिक प्रणाली र आर्थिक प्रणाली बीच के कस्तो प्रभाव पर्दछ भनि यकिन गर्न सो स्थानको तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति तथा संस्थाबाट लिखित सुझाव तथा प्रतिक्रिया लिन आवश्यक भएकाले सार्वजनिक निम्न ठेगानामा आई–पुगी लिखित सुझाव उपलब्ध गराइदिन हुन अनुरोध गरिन्छ।

**राय सुझावका लागि पत्राचार गर्ने ठेगाना :**

**प्रस्तावक**
वातावरण शाखा र योजना शाखा
गोलबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सिराहा, मधेश प्रदेश, नेपाल
फोन : ०३३–५४०४९९
इमेल : info@golbazarmun.gov.np

**परामर्शदाता**
मानवास इन्जिनियरिंग कन्सल्टेन्ट प्रा. लि.
काठमाडौँ–१०, काठमाडौँ
फोन : ९८०७३८३३७२
इमेल : manvasec@gmail.com

# किसानलाई सिँचाइको समस्या

सुनसरी, १ चैत्र। सुनसरीका विभिन्न स्थानमा मकै र गहुँखेती गर्दै आएका किसानलाई सिँचाइको समस्या भएको छ। सदरमुकाम इनरुवासहित भोक्राहा, हरिनगर, भोक्राहालगायत स्थानी तहमा मकै तथा गहुँखेती गर्दै आएका किसानलाई सिँचाइको समस्या भएको हो।

सप्तकोसी नदीको सतह मुनि गएको र नहरमा पनि पानी नआएका कारण मकै तथा गहुँखेती गरेका किसानलाई सिँचाइको समस्या भएको इनरुवा–६ का देवनारायण यादवले बताउनुभयो। कतिपय बेलामा नहरमा पर्याप्त मात्रामा पानी हुने गरेको भए पनि सिँचाइ गर्नुपर्ने बेला पानी नहुँदा रु तीन लाख ५० हजारको लागतमा सात बिघामा मकैखेतीमा सिँचाइ गर्न समस्या भएको उहाँले गुनासो गर्नुभयो।

मकैखेती गरेको भए पनि अहिले सिँचाइ अभावका कारण मकैको बोट नै सुक्ने अवस्थामा पुगेको स्थानीय किसानको भनाइ छ। नहरको पानीका भरोसामा मकै तथा गहुँ बाली लगाएको भए पनि नहरमा पानी पर्याप्त मात्रामा नआउने गरेकाले समस्या भएको किसान माधव भण्डारीले बताउनुभयो।

शङ्करपुर शाखा नहरमा सिँचाइका लागि पानीको माग गर्दै आएको भए पनि पालो सिष्टममा पानी आउने गरेका कारण पर्याप्त मात्रामा बालीमा सिँचाइ गर्न नपाउने गरेको पीडित किसानको गुनासो छ। हजारौँ हेक्टरमा लगाएको मकै, गहुँ र तरकारी बाली सिँचाइ अभावमा सुक्न लागेकाले शङ्करपुर शाखा नहरमा पर्याप्त पानीको मागसमेत किसानले गरेका छन्। जिल्लामा यस वर्ष १२ हजार ६३ हेक्टर क्षेत्रमा गहुँखेती र सात हजार ५२० हेक्टर क्षेत्रफलमा मकैखती गरिएको कृषि ज्ञान केन्द्र इनरुवाका प्रमुख निलकमल सिंहले जानकारी दिनुभयो।

### ६ वटै दलले ...

रम्तेल र रुवीकुमारी ठाकुरको नाम पठाएको छ। यस्तै ४ सिट पाएको राप्रपाले भरत गिरी, ताहिर अली, खुस्बु ओली र सरस्वती लामाको नाम पठाएको छ।

छोरासरह छोरीलाई स्कूल पठाऔं।

# सप्तरीमा किसानलाई चैते धान रोपाइँको चटारो



**सुधा देव**

सप्तरी, ३० फाल्गुन। सप्तरीमा यतिबेला चैते धान रोपाइँ सुरु भएको छ। किसानलाई चैते धान रोप्ने चटारो बढेसँगै बिहानदेखि महिलाहरू धान रोप्न व्यस्त देखिएका छन्। अत्यधिक पानीमा उत्पादन हुने चैते धान यसपालि वर्षा नपरेकाले सिँचाइ पुगेका खेतीयोग्य जमिनमा नदी, पोखरी, बोरिङ र मोटरमार्फत पानी पटाएर रोपाइँ भइरहेको जिल्लाको विष्णुपुर गाउँपालिका–६ की चुलिया देवी रायले बताउनुभयो।

उहाँका अनुसार जिल्लाको सीमित क्षेत्रमा मात्रै चैते धान उत्पादन हुने गरे पनि यस वर्ष पानी नपरेकाले रोपाइँ केही ढिलो भएको हो। पर्याप्त पानी भएको खेतमा राम्रो उत्पादन हुने भएकाले यहाँका किसानमा चैते धानप्रति आकर्षण बढ्दै गएको छ। कृषि ज्ञान केन्द्र सप्तरीका प्रमुख किसुनदेव राउतका अनुसार विभिन्न पालिकामा किसानका लागि खेतमै बिजुली पुर्‍याएर बोरिङ र स्यालो ट्युबवेल उपलब्ध गराइएपछि सिँचाइ सुविधा सहज बन्दै गएको छ। यसले चैते धान उत्पादन गर्न सजिलो भएपछि किसानहरूमा यसको आकर्षण बढेको उहाँले बताउनुभयो।

उहाँका अनुसार जिल्लामा प्रत्येक वर्ष करिब दुई हजार पाँच सय हेक्टर खेतीयोग्य जमिनमा चैते धान उत्पादन हुँदै आएको छ। फागुनको अन्तिम सातादेखि रोपाइँ सुरु भई चैतभरि रोपाइँ चल्ने र जेठ–असारमा धान कटाइ हुने उहाँले जानकारी दिनुभयो। यसपालि नहरमा पानी नआएकाले नहर प्रणाली बन्द हुँदा सिँचाइमा केही समस्या देखिएको पनि उहाँले बताउनुभयो।

जिल्लाका १८ स्थानीय तहमध्ये विष्णुपुर गाउँपालिका, छिन्नमस्ता गाउँपालिका, हनुमाननगर कंकालिनी नगरपालिका, राजगढ गाउँपालिका, रूपनी गाउँपालिका, तिलाठी कोइलाडी गाउँपालिका, बोदे बरसाइन नगरपालिका, शम्भुनाथ नगरपालिका र खडक नगरपालिकामा चैते धान रोपाइँ भइरहेको छ।

# सर्लाही–रौतहट जोड्ने बागमती पुल अलपत्र, स्थानीयवासी जोखिमपूर्ण यात्रा गर्न बाध्य



सर्लाही, १ चैत्र। सर्लाही र रौतहट जोड्ने गंगा–पिपरा बागमती नदी पुल निर्माण कार्य लामो समयदेखि अलपत्र पर्दा स्थानीयवासी जोखिमपूर्ण यात्रा गर्न बाध्य भएका छन्। चुनावका बेला प्रमुख एजेन्डा बनाइने यो पुल निर्माण कार्य चुनाव सकिएपछि भने सुस्ताउँदै गएको स्थानीयको गुनासो छ।

सर्लाही क्षेत्र नम्बर–४ र रौतहट क्षेत्र नम्बर–१ का उम्मेदवारहरूले प्रतिनिधिसभा निर्वाचनका बेला गंगा–पिपरा पुल निर्माणलाई साझा चुनावी एजेन्डा बनाएका थिए। चुनावी प्रचारका क्रममा पुल निर्माण छिटो सम्पन्न गराउने प्रतिबद्धता जनाइए पनि चुनावपछि काममा गति लिन नसकेको स्थानीयवासी बताउँछन्। रामनगर गाउँपालिका–२ का स्थानीय जितेश यादवका अनुसार सर्लाही–४ बाट निर्वाचित सांसद अमरेश कुमार सिंहले चुनाव प्रचारका क्रममा पुल निर्माण तीव्र गतिमा अगाडि बढाउने आश्वासन दिएका थिए।

यसैगरी नेपाली कांग्रेसका सभापति गगन कुमार थापाले पनि चुनाव जिते वा हारे पनि पुल निर्माणका लागि पहल गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए। रौतहट क्षेत्र नम्बर–१ का उम्मेदवारहरूले पनि पुल निर्माणलाई प्राथमिकतामा राखेका थिए। गंगा–पिपरा बागमती नदी पुल निर्माणका लागि २०७३ असार २८ गते करिब ८६ करोड ३७ लाख ९ हजार रुपैयाँमा टुण्डी–रसुवा–पप्पु जेभी कम्पनीसँग ठेक्का सम्झौता गरिएको थियो। निर्धारित समयमा काम सम्पन्न हुन नसक्दा पटक–पटक म्याद थप गरिएको छ। पछिल्लो पटक तोकिएको म्याद अनुसार २०८३ कात्तिक १३ गतेसम्म निर्माण सम्पन्न गर्ने लक्ष्य रहेको बताइएको छ।

निर्माणाधीन पुलमा प्रयोग भएको सामग्रीको गुणस्तरमा प्रश्न उठ्दै आएको छ। २०८१ असोजमा आएको बाढीका कारण पुलको एक स्पान र एक फाउन्डेसनमा क्षति पुगेपछि माटो परीक्षण र डिजाइन पुनरावलोकनको कारण देखाउँदै निर्माण कार्य सुस्त भएको स्थानीयको आरोप छ।

करिब ८० प्रतिशत काम सम्पन्न भइसकेको बताइए पनि पुल अलपत्र रहँदा दैनिक एक हजारभन्दा बढी नागरिकलाई जोखिमपूर्ण रूपमा नदी पार गर्नुपरेको छ। बाढीपछि क्षति भएको पुल मर्मत तथा निर्माणलाई तीव्रता दिन राज्य पक्षबाट अपेक्षित पहल हुन नसकेको स्थानीयको भनाइ छ।

उक्त पुल निर्माण सम्पन्न भए सर्लाही र रौतहटसँगै पर्सा, बारा लगायत मधेसका जिल्लालाई प्रदेश राजधानीसँग सिधा सडक सम्पर्क जोडिने भएकाले यसको महत्व अत्यन्त ठूलो रहेको स्थानीयवासीले बताएका छन्। पुल निर्माण छिटो सम्पन्न गर्न सम्बन्धित निकायको ध्यान जानुपर्ने उनीहरूको माग छ।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो।

# ७० लाख रुपैयाँ घुस लिएको आरोपमा राजस्व अनुसन्धान विभागका तत्कालीन महानिर्देशक अधिकारीविरूद्ध मुद्दा दायर



काठमाडौं, १ चैत्र। अख्तियार दुरूपयोग अनुसन्धान आयोगले राजस्व अनुसन्धान विभागका तत्कालीन महानिर्देशक झलकराम अधिकारीविरूद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ। ७० लाख रूपैयाँ घुस लिएको पाइएपछि विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको अख्तियारका प्रवक्ता सुरेश न्यौपानेले जानकारी दिनुभयो। उहाँले एच.के इन्टरप्राइजेज प्रालिको राजस्व अनुसन्धान विभागमा रहेको राजस्व चुहावट सम्बन्धी छानबिन तथा राजस्ज चुहावट सम्बन्धी अन्य कसुरबाट बच्नका लागि सहजीकरण बापत ७० लाख रूपैयाँ घुस लिएको अख्तियारको ठहर छ।

आयोगका प्रवक्ता न्यौपानेका अनुसार झलकरामले विकास चापागाईं, देवेन्द्र केसी, रविन्द्र लामिछाने लगायतसँगको मिलेमतो गरी ग्लोबल आइएमई बैंक, लुम्बिनी विकास बैंक र लक्ष्मी सनराईज बैंक लगायतबाट रकमको स्वरूप परिवर्तन गरेर ल्याएको देखिएको छ। अख्तियारले विशेष अदालतमा पेश गरेको विवरण अनुसार २०७९ सालको घटना साउन हो। साढे पाँच महिना मात्रै महानिर्देशक बनेका उनी २०७९ असार १ देखि २०७९ कार्तिक १६ सम्म राजस्व अनुसन्धान विभागमा थिए।

# १०९ किलो गाँजा प्रहरीको नियन्त्रणमा

महोत्तरी, १ चैत्र। महोत्तरीको रामगोपालपुर नगरपालिका–८ बाट नेपाल प्रहरीले १०९ किलोग्राम गाँजासहित एक भारतीय नम्बर प्लेटको कारलाई नियन्त्रणमा लिएको छ। जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रमुख एवं प्रहरी उपरीक्षक हेरम्ब शर्माका अनुसार सहसौला चोक नजिकबाटै २० वटा पोकामा लुकाएर भारततिर लैजाँदै गरको अवस्थामा डिएल १ सिओ ५८६९ नम्बरको भारतीय कार नियन्त्रणमा लिइएको हो।

गएराति करिब ११:०० बजे पूर्वपश्चिम लोकमार्ग हुँदै भारततर्फ गाँजा लैजाँदै गरेको गोप्य सूचनाको आधारमा लागु औषध ब्युरो र इलाका प्रहरी कार्यालय रामगोपालपुरबाट खटिएको प्रहरी टोलीले गाँजासहित कार नियन्त्रणमा लिएको थियो। कार चालक फरार रहेको प्रहरीको भनाइ छ। प्रहरीले बरामद गाँजा र कारलाई आवश्यक कारबाही प्रक्रिया अगाडि बढाइएको प्रहरी उपरीक्षक शर्माले बताउनुभयो।

## हात्तीको...

भइरहेको स्थानीयले बताउनुभयो। सप्तरीको उत्तरी भेगमा कोशी टप्पु बन्यजन्तु आरक्षणबाट आएको हात्तीले बर्षेनी जनधनको क्षति गर्दै आएको छ।

सार्वजनिक यातायातमा लागुऔषध तस्करी :

# ५२ हजारभन्दा बढी ट्याब्लेटसहित दुई पक्राउ



वीरगञ्ज, १ चैत्र। पर्सामा सार्वजनिक यातायात प्रयोग गरेर प्रतिबन्धित लागुऔषध काठमाडौं तस्करी भइरहेको खुलासा भएको छ। पर्सा प्रहरीले ठुलो परिमाणमा लागुऔषध बरामद गरेपछि आइतबार पत्रकार सम्मेलनमार्फत उक्त घटनाबारे जानकारी दिएको हो। प्रहरीका अनुसार पछिल्लो समय लागुऔषध कारोबारीहरूले सार्वजनिक यातायातलाई ओसारपसारको माध्यम बनाउन थालेका छन्। सोही सूचनाका आधारमा प्रहरीले शनिबार बिहान वीरगञ्ज बसपार्कबाट काठमाडौंतर्फ छुटेको सुमो गाडी जाँच गरेको थियो।

जाँचका क्रममा सुमोको छतमा त्रिपालले ढाकेर राखिएको अवस्थामा ५२ हजार ३ सय पीस ट्रमाडोल ट्याब्लेट बरामद गरिएको पर्सा प्रहरी प्रमुख एसपी सुदीपराज पाठकले जानकारी दिए। उनका अनुसार प्रतिबन्धित ट्याब्लेट सार्वजनिक यातायातमार्फत काठमाडौंतर्फ पठाइँदै गरेको सूचनाका आधारमा गाडी जाँच गर्दा उक्त लागुऔषध फेला परेको हो। प्रहरीले घटनासँग सम्बन्धित सुमो चालक बारा परवानीपुर गाउँपालिका–१ का रामअशिष अहिर र पर्साको बहुदरमाई नगरपालिका–२ का सुवास सर्राफलाई पक्राउ गरेको जनाएको छ। पक्राउ परेका दुवै जनामाथि लागुऔषधसम्बन्धी कसुरमा अनुसन्धान प्रक्रिया अघि बढाइएको पर्सा प्रहरीले जनाएको छ साथै घटनामा प्रयोग भएको ना १ ज २७६५ नम्बरको सुमो गाडी पनि नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ।

# सटही काउन्टर नहुँदा बढ्यो रकमको अवैध कारोबार

**धीरेन्द्रप्रसाद साह**



राजविराज, १ चैत्र। सप्तरीमा भारतीय रकम साट्ने वैधानिक काउन्टर नहुँदा रकमको अवैध कारोबार बढेको छ। भारतीय रकमलाई नेपाली र नेपाली रकमलाई भारतीय रकम (भारु) साट्दा रकमको अवैध कारोबार बढेको हो। भारु पाउन सयकडाको तीनदेखि पाँच रुपियाँसम्म अतिरिक्त रकम तिनु पर्ने बाध्यता छ। एक दशक यतादेखि राष्ट्रिय बाणिज्य बैंक राजविराजले भारतीय रुपियाँको सटही काउन्टर बन्द गरेदेखि जिल्लामा नेपाली र भारतीय रुपियाँको अवैध कारोबार भइरहेको यहाँका व्यापारी प्रमोद यादवले बताउनुभयो। "स्थानीय कारोबारीहरुसँग अवैध रुपमा नेपालीबाट भारु रुपियाँ साट्दा सयकडामा अतिरिक्त तीनदेखि पाँच रुपियाँसम्म दिनुपर्छ", उहाँले भन्नुभयो, "सीमावर्ती भारतीय बजारमा पनि नेपाली रकम चल्छ तर त्यहाँ पनि तीनदेखि पाँच रुपियाँसम्म अतिरिक्त रकम तिर्नुपर्छ।"

भारतमा पढाइ, लेखाइ, स्वास्थ्य उपचार, तथा साधारण किनमेलका लागि भारु चाहिने भएकोले भारु रकम साट्न आउने जोसुकैसँग तीन–पाँच रुपियाँ बढी कमिशन लिएर व्यापारीहरुले साट्ने गरेको राजविराजका अर्का व्यापारी मो. असिफले जानकारी दिनुभयो। हाम्रो धेरै नातागोता पारीपट्टी रहेको छ, महिनेपच्छि जानुपर्छ तर भारु रुपियाँ नभई हुदैन। भारुका लागी पारीका बोर्डरमा रहेका व्यापारीहरुले सयकडामा रु। तीन–पाँच बढी लिएर मात्र साट्ने गरिन्छ।

२०७३ सालताका नै राजविराजस्थित राष्ट्रिय बाणिज्य बैंकले भारु सटही काउन्टर बन्द गरेपछि यहाँ सर्वसाधारण थप आर्थिक मारमा परेको कपडा व्यवसायी संघका अध्यक्ष थानसिंह भन्सालीले बताउनुभयो। त्यतिबेला बैंकले प्रति व्यक्तिलाई नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपिको आधारमा तेरह सय भारु साट्दै आएको थियो। विशेष कारण खुलाइएको अवस्थामा पाँच हजारसम्म भारु रकम बैंकले साट्ने गरेको उहाँले बैंकको सटही काउन्टर बन्द भएयतादेखि नेपाली रुपियाँको अवमुल्यन हुँदै आएको बताउनुभयो।

सीमावर्ती भारतीय बजार विरपुर, कुनौली, लौकही, अन ामठ लगायतको बजारमा भारुको अबैद्य सटही गर्ने दर्जनौ व्यापारीहरु सक्रिय रहेका छन्। यस्तै जिल्लाका राजविराज, भारदह, हनुमाननगर, बोदेबसाइन बजारमा पनि अवैध रुपमा भारु साट्ने व्यापारीहरुको संख्या उल्लेख्य रहेको स्थानीय पुलकित यादवले बताउनुभयो।

सीमापारीका बजारमा किनमेल गर्न जाने नेपाली उपभोक्ता तथा व्यापारीहरुले भारु रकमको अभावमा भारुको दरमा सयकडा तीन–पाँच रुपियाँ थपेर नेपाली मुद्रामै मालसामान खरिद गर्ने गरेको बताएको छ। उपभोक्ताहरु सस्तो पाउने लोभमा बढी बट्टा तिरेर नेपाली बजार भन्दा महँगोमा गुणस्तरहिन सामान खरिद गरिरहेका छन्। सीमावर्ती नेपाली बजारमा भइरहेको रकमको अवैध कारोबार रोक्न अधिकार प्राप्त सटही काउन्टर खोल्नु पर्छ।


गाउँलेको वन ! गाउँलेको धन !! गाउँलेको जिवन !!!

## श्री काभ्रे महादेव सामुदायिक वन उपभोक्ता समूह

**लहान न.पा.–१६, नागवेले, सिरहा**

**स्था. : २०७८**

**बाह्य बिक्री वितरण सम्बन्धमा (पन्ध्र) दिने सूचना**

**तेस्रो पटक प्रकाशित मिति २०८२/११/२८**

उपरोक्त सम्बन्धमा यस श्री काभ्रे महादेव सा.ब.उ.स. वन उपभोक्ता समूहको आ.व. २०८२/०८२ मा संकलन भएको साल, असना पान, कर्मा लामपाले प्रजातिको काठ गिडा थप्न १७२ को आयतन २०५४.८ क्यु.फी. दाउरा (एक) चट्टा समूह भन्दा बाहिर बिक्री वितरण गर्नको लागि पथम पटक २१ दिने सूचना मिति २०८२।१०।१५ गते राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशन गर्दा पनि कुनै फर्म, कम्पनीहरुको माग निवेदन नआएको हुनाले सो काठको लट मिलन तथा पूर्ण मूल्यांकन गरी तेस्रो पटक सूचना प्रकाशित गरिएको हुनाले (१५) पन्ध्र दिनभित्र इच्छुक फर्म, कम्पनीहरुले यसै कार्यालयमा गई सम्पर्क गर्नहुन यो सूचना प्रकाशित गरिएको छ।


# बर्दिवासमा खानेपानीको पहुँच हुँदा स्थानीयवासी हर्षित

महोत्तरी, १ चैत्र। महोत्तरीको बर्दिवास नगरपालिकाका चारवटा वडामा खानेपानीको पहुच पुगेको छ। बर्दिवास १, २, ३ र १४ मा लामो समयदेखि खानेपानीको समस्या थियो।

अहिले घरघरमा खानेपानीको धारा जडान भएको बर्दिवास ३ का आशा कुमारीले बताउनुभयो। बर्दिवास– १४ का विक्रम महतोले भन्नुभयो,"पहिला इनारको पानी खानुपथ्र्यो। त्यो पनि हिउँद लागेपछि विस्तारै पानीको सतह घटदै जाँदा चैत, वैशाखमा धमिलो पानी खान बाध्य थियौँ। अहिले धारा जडान भएपछि पानीको सङ्कट हटेको छ।"

बर्दिवास साना सहरी खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाले जडान गरेको धाराबाट पाँच हजार ९९८ परिवारले पानी सुविधा लिँदै आएका छन्। बर्दिवासको चुरेमा खानेपानीका तीन मुहान छन्। जुन चुरेको रातु खोलाको दहमा पर्छ। बर्दिवासको मूल सहरी क्षेत्रका वडामा दैनिक सात लाख लिटर खानेपानीको माग हुन्छ। हिउँद लागेपछि उपभोक्ताको माग धान्न खानेपानी समितिलाई समस्या हुने गरेको छ। रातु खोलाको सुनारमरे दहमा त्यसको मुहान छ। अहिले त्यो मुहान पनि खोला उत्खननले जोखिममा छ।

दिनानुदिन बर्दिवासमा जनसङ्ख्या बढ्दो छ भने पिउने पानीको मुहान घट्दो अवस्थामा छ। तर पनि आफूहरूले बर्दिवासवासीलाई खानेपानी खुवाउनका लागि दिनरात तत्पर रहने गरेको साना सहरी खानेपानी तथा सरसफाइ उपभोक्ता समितिका अध्यक्ष भुलन सेन ठकुरीले बताउनुभयो।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक :** कमलेश कुमार यादव, **सह–सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार:** कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले–आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा–६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)